श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक, ललितपुर

**इजलास**

माननीय अध्यक्ष श्री विनोद शर्मा

राजस्व सदस्य श्री राजेन्द्र पौडेल

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

**फैसला**

०७७/०७८ सालको निर्णय नं. ६२

पुनरावेदन नं. ०७५-RB-०३२०

पर्सा जिल्ला आदर्शनगर वीरगन्ज अवस्थित मेठी एसोसियट्स प्रा.लि.को अधिकार प्राप्त अध्यक्ष संचालक श्री प्रकाश कुमार खण्डेवाल......... ..........................१ } पुनरावेदक

**विरुद्ध**

श्री वीरगन्ज भन्सार कार्यालय, विरगन्ज...............................................१
मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाडौ................................१ } **प्रत्यर्थी**

**मुद्दा : थप भन्सार महशुल समेत (M१०३३७)।**

शुरु निर्णय गर्ने कार्यालय : वीरगन्ज भन्सार कार्यालय, वीरगन्ज

शुरु निर्णय मिति : २०७५/०३/२४

मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय मितिः२०७५/१२/१५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्वय श्री सिताराम अग्रवाल र श्री विकास अग्रवाल

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

श्री वीरगन्ज भन्सार कार्यालयबाट मिति २०७५।३।२४ मा भएको निर्णय र मूल्याङ्कन पुरावलोकन समितिको मिति २०७५/१२/१५ को निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः-

**मुद्दाको तथ्य**

१. Methi Associates Pvt.Ltd.काठमाडौले Marina Commodities Inc., Canada को तारिख 31.03.2018 को विजक संख्या MCI-786/S-07489-SGR-C बाट पैठारी गरी ल्याएको Sugar को भन्सार मूल्य निर्धारणका लागि मिति २०७५।३।२० मा वीरगन्ज भन्सार कार्यालयमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम मूल्य घोषणा गरेको देखिन्छ ।

२. पैठारीकर्ताले पैठारी गरी ल्याएको मालबस्तुको मूल्य अध्ययन गर्दा विजक मूल्य ४६० यु एस डलर प्रति मे.टनको ५०%ले हुने रकम Discount लिएको देखियो। यति धेरै रकमको Discount दिए/पाएको देखिँदा पैठारीकर्तालाई विजक मूल्य र Discount का सम्बन्धमा थप पुष्ट्याई गरी स्पष्ट पार्न वीरगन्ज भन्सार कार्यालयको च.नं.१८१६ मिति २०७५/०३/२१ को पत्रबाट सोधिएकोमा पैठारीकर्ताले मिति २०७५।०३।२२मा जवाफ पेश गरेको। उक्त जवाफको साथमा पैठारीकर्ताले निर्यातकर्तासंग भएको Sales Contract का कागजात संलग्न गरेको। पैठारीकर्ताले पेश गरेको Sales Contract मा Discount of USD230 PMT has been given to the buyer. Our Sales Contract Prices is USD 460 PMT and discount price is USD230 PMT. The Net Sale Price of USD230 PMT उल्लेख भएको।

३. पैठारीकर्ताले आफ्नो कारोबार मूल्यका रुपमा देखाएको Commercial Invoice मा उल्लेख भएको अस्वाभाविक discount र sales Contract मा समेत The net sale Price of USD 230 PMT उल्लेख भएको समेत Discount रकम विश्वसनीय नदेखिएकोले Net Sale price USD 230 PMT लाई मालबस्तुको Base Price मानेर प्रति मेट्रिक टन USD 230 मूल्य थप गरी मालबस्तुको मूल्य USD 460 प्रति मे.टन का दरले कायम हुन साथै कारोबार खर्च वापत घोषणा गरेको रकम रु.७,०५,३६६।- समेत जोडी कारोबार मूल्य कायम हुने भन्ने समेत वीरगन्ज भन्सार कार्यालयको मिति २०७५।३।२४ को निर्णय।

४. हामीले उक्त सामान प्रति मे.टन USD460 का दरले भन्सार मूल्य घोषणा गरेको र वीरगंज भन्सार कार्यालयले समेत प्रति मे.टन USD460 नै कायम गरेतापनि त्यसमा थप भन्सार महसूल निर्धारण गरी मू.अ.कर समेत धरौटी प्रज्ञापन पत्रबाट असुल उपर गरेकोले उक्त निर्णय पूनरावलोकन गरी हामीले प्रज्ञापन पत्रबाट धरौटी राखेको रकम फिर्ता पाउँ भनी Methi Associates Pvt. Ltd. ले मूल्याङ्कन पुनरावलोकन समिति समक्ष मिति २०७५।०४।१८ मा पेश गरेको निवेदन।

५. पैठारी कर्ताले भन्सार कार्यालयमा घोषणा गरेको मूल्य, पेश गरेको कागजात तथा जानकारीबाट भन्सार अधिकृत सन्तुष्टि हुन नसकी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ बमोजिम भन्सार मूल्य कायम हुन नसकेको, तत्पश्चात प्राप्त प्रमाण र सूचनाहरुको आधारमा सोही ऐनको दफा १३ का उपदफाहरु (८), (९), (१०), (११) र (१२) क्रमशः अवलम्बन गरी मूल्य निर्धारण गर्ने सिलसिलामा प्राप्त प्रमाण र अभिलेख समेतको आधारमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ बमोजिम मूल्य कायम गरी सोही ऐनको दफा १३(१५) बमोजिम थप महसुल असुल गरेको वीरगन्ज भन्सार कार्यालयको निर्णय सदर हुन्छ भन्ने मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७५/१२/१५ को निर्णय।

६. Methi Associates Pvt. Ltd. ले पैठारी गरी ल्याएको मालबस्तु (Sugar)का सन्दर्भमा हामीले विपक्षी कार्यालय समक्ष मूल्य निर्धारणका लागि निवेदन फारम भरी पेश गरी पैठारी भएको मालबस्तु (Sugar) को प्रति मे. USD 460 का दरले मूल्य घोषणा गरी भन्सार प्रज्ञापन पत्र भरि दाखिला गरेको र विपक्षी कार्यालयबाट पनि प्रति मे. USD 460 नै मूल्याङ्कन कायम भई उक्त मूल्याङ्कन रकमको हुन आउने जम्मा भन्सार महसुल रकम र मु.अ.कर रकम सदरस्याहा भन्सार

प्रज्ञापनपत्रबाट विपक्षीले असुल उपर गरी जाँच पास गरेकोमा Discount रकममा थप महसूल लाग्ने व्यवस्था नरहे पनि भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १५ र उपदफा १५को (क) मा उल्लेखित व्यवस्था विपरित थप महसुल समेत निर्धारण गर्ने निर्णय त्रुटिपूर्ण रहेकोले बदर गरी धरौटी प्रज्ञापनपत्र अनुसारको रकम फिर्ता पाउँ भन्ने व्यहोरा उल्लेख गरी प्र.द.नं.M१०३३७ बाट थप भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर वापत सामान जाँचपास गर्दा राखेको नगद धरौटीको प्रज्ञापनपत्र संलग्न गरी दर्ता भएको पुनरावेदनपत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बामोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गर्नु भन्ने यस न्यायाधीकरणबाट २०७६।१०।१० मा भएको आदेश।

## ठहरखण्ड

८. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री सिताराम अग्रवाल र श्री विकास अग्रवालले पुनरावेदक पैठारी कर्ताले पैठारी गरेको चिनीको कारोबार मूल्य घोषणा गरेको विषयको निवेदन फाराम र सदरस्याहा भन्सार प्रज्ञापन पत्र समेत संलग्न गरी प्रति मे.टन USD 460 कारोबार मूल्य घोषणा गरेको हो । पैठारीकर्ताले खरिदमा Discount पाएको कुरा Sales Contract बाट समेत पुष्टी हुन्छ। विक्रेतालाई Banking प्रणालीबाट नै भुक्तानी गरिएको छ । पैठारीकर्ताले पाएको Discount नघटाई कारोबार मूल्य घोषणा गरेकोमा विजकमा ५०% Discount पाएको हुँदा Discount पाएको रकममा थप भन्सार महसुल समेत असुल गर्ने गरी गरेको निर्णय नमिलेको हुँदा बदर गरी पाउँ भनी गर्नु भएको बहस सुनियो। यसै गरी प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले पैठारी कर्ताले भन्सारमा प्रति मेट्रिक टन **USD 460** घोषणा गरे तापनि ५०% Discount लिएको देखियो। Discount अस्वाभाविक र अविश्वसनीय हुँदा लिएको Discount को हुने भन्सार महसुल थप लिने गरी भएको शुरु निर्णय र सो लाई सदर गरेको मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय कानून सम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

९. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु वीरगन्ज भन्सार कार्यालयबाट मिति २०७५।०३।२४ मा भएको निर्णय र सोलाई समर्थन गर्ने मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७५/१२/१५ को निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा यसमा पुनरावेदक मेठी एसोसियट्सले Marina Commodities, Canada बाट विजक संख्या MCI-786/S-07489-SGR-C बाट पैठारी गरी ल्याएको Sugar को भन्सार मूल्य निर्धारणका लागि प्रति मेट्रिक टन USD 460 कारोबार मूल्य घोषणा गरी USD 230.00 Discount पाएको Commercial Invoice समेत राखी मिति २०७५।३।२० मा निवेदन दिएकोमा वीरगन्ज भन्सार कार्यालयले उक्त घोषणा गरेको मूल्य वास्तविक कारोबार मूल्य हो भनी

प्रमाणित गर्ने थप कागजात, प्रमाण वा कुनै सूचनाहरु भए ७ दिनभित्र स्पष्ट पारी पेश गर्न भनी पैठारी कर्ता पुनरावेदकलाई पत्राचार गरेको देखियो।

११. पुनरावेदक पैठारीकर्ताले पेश गरेको निर्यातकर्तासँग भएको Sales contract मा Discount of USD 230 PMT has been given to the buyer. Our Sales Contract Prices is USD 460 PMT and discount price is USD 230 PMT. The Net Sale Price Of USD 230 PMT भन्ने उल्लेख भएको देखियो। उक्त कुरा पुनरावेदकले पेश गरेको बिक्रेता Marina Commodities ले जारी गरेको विजक संख्या MCI-786/S-07489-SGR-C को Commercial Invoice मा समेत 182 मेट्रिकटनको USD 460, Discount USD 230 भन्ने उल्लेख भए तापनि भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ मा पैठारीकर्ताले आफूले पैठारी गरेको मालबस्तुको मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी कारोबार मूल्य घोषणा गर्नु पर्नेछ भनी गरेको व्यवस्था बमोजिम यी पुनरावेदक पैठारीकर्ताले पैठारी गरी ल्याएको मालबस्तुको Sales Contract र Commercial Invoice पेश गरी Discount अघिको मूल्य अनुसार नै प्रति मेट्रिक टन USD 460 कारोबार मूल्य घोषणा गरेको देखिन्छ । शुरु वीरगन्ज भन्सार कार्यालयले निर्णय गर्दा Commercial Invoice र Sale Contract को विश्वसनीयतामा प्रश्न उठाएको देखिएतापनि विजक र Sales contract को आधिकारिकता जाँच गरेको पाईएन। यसरी प्रश्न उठाएको विषयमा आधिकारीता जाँच नगरी बिजकमा उल्लेखित बिजक मूल्यको 50% रकम Discount लिएको, उक्त Discount अस्वाभाविक देखिएको, Sales Contract मा समेत The net sale price of USD 230 PMT उल्लेख भएकोले Discount रकम विश्वसनीय नदेखिएको भनी USD 230 PMT मूल्य थप गरी पैठारीकर्ताले घोषणा गरेको मूल्य बराबर नै माल बस्तुको मूल्य USD 460 कायम गरी थप भएको मूल्यको भन्सार महसूल असुल गर्ने भनी निर्णय गरेको र सोही निर्णयलाई मूल्याङ्कन पुनरावलोकन समितिले सदर गरेको पाइयो। पुनरावेदक पैठारीकर्ताले भन्सार मूल्य कायम गर्न पेश गरेको घोषणा फाराममा 182 MT को USD 460 का दरले जम्मा 83720.00 भन्सार ऐन, २०६४ को दफा १३(३) बमोजिम कारोबार मूल्य घोषणा गरेको देखिन्छ। मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७५/१२/२४ च.नं.३५५ को पत्र बाट समेत पुनरावेदकले पैठारी गरेको चिनीको विजक मूल्य, कार्यालयबाट कायम गरिएको मूल्य र पुनरावलोकन समितिबाट कायम गरिएको मूल्य समेत प्रति मेट्रिकटन यु एस डलर ४६० भनी खुलाएको देखिन्छ। भन्सार ऐन, २०६४ को परिच्छेद ५ भन्सार मूल्य निर्धारण सम्बन्धी व्यवस्था हेर्दा ऐनको दफा १३ को उपदफा ३ बमोजिम पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्य शंकास्पद भएमा वा अविश्वसनीय भएमा वा घटि मूल्य घोषणा गरेको प्रमाणित भएमा मात्र भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्न सक्ने व्यवस्था भएकोमा शुरु भन्सार कार्यालयको निर्णय एवं सोलाई सदर गरेको मूल्यांकन पुनरावलोकन समितिको निर्णयमा उक्त चरणहरु पार गरी घटी मूल्य घोषणा गरेको प्रमाणित गरेको अवस्था नदेखिँदा पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्य प्रतिमेट्रिक टन USD 460 लाई अन्यथा भन्न मिल्ने देखिन आएन।

१२. अतः माथि उल्लिखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ताले प्रज्ञापनपत्र नं.**M10337** बाट पैठारी गरेको चिनीको मूल्यमा प्रति मेक्ट्रिक टन यु एस डलर २३० छुट पाएको भने तापनि यु

एस डलर ४६० नै घोषणा गरेको देखिएको र सो अनुसार दाखिला भएको धरौटी रकम सदरस्याहा भएको साथै मूल्याङ्कन पुनरावलोकन समितिको निर्णयको जानकारी सम्बन्धको मिति २०७५/१२/२४ को पत्र व्यहोरा बाट समेत बिजक मूल्य, कार्यालयबाट कायम गरिएको मूल्य र पुनरावलोकन समितिबाट कायम गरिएको मूल्य समेत एक समान यु एस डलर ४६० नै देखिएको स्थितिमा पैठारीकर्ताले घटी मूल्य घोषणा गरेको भनी भन्सार ऐन, २०६४ को दफा १३(१५) अनुसार थप भन्सार महसुल असुल गर्ने गरी शुरु वीरगन्ज भन्सार कार्यालयबाट भएको निर्णय र सोलाई सदर गर्ने गरी मूल्याङ्कन पुनरावलोकन समितिबाट मिति २०७५/१२/१५ मा भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। तपशिल बमोजिम गर्नू।

## तपशिल

शुरु वीरगन्ज भन्सार कार्यालयबाट पुनरावेदक मेठी एसोसियट्सले पैठारी गरेको चिनीमा थप भन्सार र मू.अ.कर समेत असुल गर्ने गरी भएको निर्णयलाई सदर गर्ने गरी भएको मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७५/१२/१५ को निर्णय उल्टी हुने ठहर भएकोले प्र.द.नं.M10337 बाट दाखिला भएको थप भन्सार महसूल वापतको धरौटीमध्ये मू.अ.कर रु.९०,१९८/- सदरस्याहा भई सो मूल्य अभिवृद्धिकर आय विवरणमा समायोजन गरिसकेको जानकारी गराएको हुँदा बाँकी रहेको थप भन्सार महसुल वापतको धरौटी रु.६,९३,८३०/- पुनरावेदकले फिर्ता माग्न आए नियमानुसार फिर्ता दिनु भनी शुरु वीरगन्ज भन्सार कार्यालयमा लेखी पठाइदिनू---------------------------------------१

प्रस्तुत मुद्दा फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू-२

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तु लिइ नक्कल दिनू--------------३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू-------------------------------------------४

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
टिपोट ना.सु.हेमन्त फुयाँल
इति सम्वत् २०७७ साल माघ महिना २६ गते रोज २ शुभम् ..........................